

# अध्याय -५

## परमेश्वरको लक्ष्य वा मिसनमा लाग्न नचाहने बाहानाहरू

यस अध्यायका मूल पदहरुः योना १-४; नेहूम १:१; २ राजा १७:५-६; भजन २४:१; याकूब १:२७; यशैया ६:१-८।

<u>यस अध्यायको मूल सार पदः</u> ***"तब मैले परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" अनि मैले भनें, "म हाजिर छु। मलाई पठाउनुहोस्!।" यशैया ६:८।***

परमेश्वरले आफ्नो लक्ष्य पूरा गर्न बोलाउँदा सबै जनाले मान्नु नै परेको थियो भन्ने थिएन। योना एक उदाहरण हो (योना १-४ पढ्नुहोस्)। असेरियाको राजधानी निनवेको पापको ज्यादतिले गर्दा त्यसको विरुद्धमा आवाज उठाउन परमेश्वरले अगमवक्ता योनालाई बोलाउनुभएको थियो। यो सहर आधुनिक इराकमा पर्दछ। यो योना रहेको यरुशलेम सहरभन्दा ५६० माइल थियो। त्यहाँ हिंडेर जान एक महिना लाग्थ्यो। योनाले परमेश्वरको आवान सुन्न अस्वीकारमात्र गरेन उनी त बिपरित दिशातिर पो भागे। उनी योप्पा बन्दर्गाहमा आएर टार्शिश भन्ने सहरमा जान जहाजको टिकट काटे। यो सहर आधुनिक स्पेनमा पर्छ। मौसम अनुकूल भयो भने जहाजको यात्रा एक महिना लाग्थ्यो। यो यात्रा २००० माइलको थियो। एक महिना लगाएर योना असेरियाको राजासँग सामना गर्न नमानेर एक महिना नै लगाएर विपरित

दिशामा भाग्न उनले सुरु कसेका थिए। परमेश्वरको मानिस भएर पनि उनले त्यो कदम किन चाले होला?

निनवेका मानिसहरू अत्यन्तै दुष्ट थिए भनेर बदनाम कमाएका थिए। तिनीहरू खराब, निष्ठुर र कठोर थिए। तिनीहरूले इस्राएल र यहूदामा आक्रमण गरेका थिए। तैपनि, तिनीहरूको धेरै दुष्टताको (योना १:२) बिरुद्धमा आवाज उठाउन परमेश्वरले योनालाई अऱ्हाउनुभएको थियो। जुन शब्दहरू परमेश्वरले सोडोम र गमौराको बारेमा प्रयोग गर्नुभएको थियो, त्यही शब्दहरू निनवेका जनताहरूको बारेमा पनि प्रयोग गरिएको थियो। तर, योना अब्राहम थिएन।

***योनाको मनस्थिति कस्तो थियो जुन मनस्थिति हामी पनि परमेश्वरको लक्ष्यमा नलाग्न प्रयोग गर्न सक्छौं? यौनाबाट हामी के पाठ सिक्न सक्छौं?***

## १. हाम्रा बहानाहरूः डर

**देहायका पदहरू पढ्नुहोस्। निनवेको बारेमा र असेरिया र इस्राएलको बीचमा के सम्बन्ध थियो भनेर ती पदहरूले कसरी खुलासा गरिएको छ? निनवे नगइकन टार्शिस जान योनाले कुन प्रभावमा निर्णय गरेका थिए? हेर्नुहोस्,** "निनवे शहरको बिषयमा यो दुःखको वचन हो। यो पुस्तक नहूमको दर्शनको पुस्तक हो। नहूम एल्कीशीका छोरा थिए।" नहुम १:१; "हत्याराहरूको शहरलाई एकदमै नराम्रो हुनेछ! निनवे शहर एकदमै झुटले भरिएको छ। यो अन्य देशहरुबाट ल्याएको सामानहरुले भरिएकोछ। २ तिमीहरुले कोर्राको आवाज, पाङ्ग्राहरुको आवाज, घोडाहरुका दौड अनि रथहरु दगुर्दै गरेको आवाजहरु सुन्दैछौ। ३ घोड-सवारले आक्रमण गरिरहेकाछन् र तिनीहरुका तरवारहरु चम्किरहेकाछन्, तिनीहरुको भालाहरु चम्किरहेकोछन्। त्यहाँ लाशको थुप्रो छ, अनगन्ती लाशहरु छरिएका छन्, मानिसहरु ती लाशहरुमा ठेस लागेर लरबराएकाछन्। ४ यी सबै निनवेको कारणले भएको हो। निनवे वेश्या जस्तै छे जो कहिल्यै पनि तृप्तिहुँदिन। त्यसलाई अझै धेरै-धेरै चाहिन्छ। उसले अझै धेरै देशमा आफुलाई बेच्यो अनि त्यसले उसलाई आफ्नो दास बनाउँन टुना-मुना गऱ्यो।" नहुम ३:१-४; " ३ अश्शूरका राजा शलमनेशेरले होशियालाई आक्रमण गर्न आए। होशियाले उनका अधीनमा भएर उनलाई कर तिरेका थिए। ४ तर अश्शूरका राजाले होशियाले विश्वासघात गरेका देखे, किनकि

तिनले मिश्रदेशका राजा सोकहाँ राजदूतहरू पठाएका थिए र बर्सेनि पठाउने कर रोकेका थिए। यसैकारण शलमनेशेरले तिनलाई कैद गरेर झ्यालखानमा हाले। ५ अश्शूरका राजाले सारा देशलाई आक्रमण गरे, र सामरियाको विरुद्धमा हमला गरेर त्यसलाई तीन वर्षसम्म घेरा हाले। ६ अश्शूरका राजाले होशियाको नवौं वर्षमा सामरिया कब्जा गरे र इस्राएलीहरूलाई कैद गरेर अश्शूरमा लगे। उनले तिनीहरूलाई हलहमा, हाबोर नदीको किनारमा भएको गोजानमा र मादीहरूका नगरहरूमा बसाले।" २ राजाहरू १७:३-६; "३२ "यसैकारण अश्शूरका राजाको विषयमा परमप्रभु यसो भन्नुहुन्छः "त्यो यस सहरभित्र पस्नेछैन, अथवा त्यसले एउटा काँड़ पनि यहाँ हान्नेछैन। त्यो ढाल लिएर यसको अगि आउनेछैन, अथवा यसको विरुद्धमा घेरा-मचान लाउनेछैन। ३३ त्यो आएकै बाटो भएर फर्किजानेछ। यस सहरभित्र त्यो पस्नेछैन, परमप्रभु यही घोषणा गर्नुहुन्छ। ३४ मेरो खातिर र मेरो दास दाऊदको खातिर म यस सहरलाई रक्षा गर्नेछु र बचाउनेछु।" ३५ त्यस रात परमप्रभुका स्वर्गदूत निस्के, र तिनले अश्शूरको छाउनीमा एक लाख पचासी हजार मानिसहरूलाई मारे। जब भोलिपल्ट बिहानै मानिसहरू उठे, त्यहाँ सबै लाशहरू मात्र थिए। ३६ यसैले अश्शूरका राजा सनहेरीब आफ्नो छाउनी उठाएर फर्किगए। उनी निनवेमा फर्केर गई बस्न लागे।

३७ एक दिन जब उनी आफ्नो देवता निस्रोकको मन्दिरमा पूजा गरिरहेका थिए, तब उनका छोराहरू अद्रम्मलेक र शरेसेरले उनलाई तरवारले मारे, र उनीहरू आरारात देशमा भागेर गए। उनीपछि उनका छोरा एसरहदोन राजा भए।" २ राजाहरू १९:३२-३७।

योना निनवेमा जान नचाहेको एउटा कारण हुनसक्छ, डर। असेरियाका मानिसहरू इस्राएलीहरूका भयानक शत्रु थिए, र निनवे पौराणिक शक्तिशाली राज्यको राजधानी थियो।

"पौराणिक संसारको विभाजित इस्राएलका दिनहरूमा भएका सहरहरूमा निनवे अत्यन्तै महान् थियो। यो सहर तत्कालिन शक्तिशाली राज्य असेरियाको राजधानी थियो।...त्यो देशको अस्थायी सम्मुनति भएको समयमा निनवे अपराध र दुष्ट समाजको केन्द्र थियो। बाइबलले बताउँछ कि यो सहर रक्तालु, डकैटी र झुटो तत्वहरूले भरिएको थियो। अगमवक्ता नहूमले निनवेका मानिसहरूलाई निर्दयी र रक्तपिपासु सिँहको चित्रण गरेका थिए। 'तिनीहरूमा

दुष्टता के निरन्तररूपमा चलिरहेको थिएन र?' नहूम ३:१,१९।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्,* पृ. २६५।

निनवे भव्य सहर थियो। सानहरिबले त्यस सहरलाई धेरै ठूलो बनाएका थिए भनेर इतिहासकारहरूले बताउँछ। त्यस सहरको दक्षिणपश्चिम क्षेत्रमा भव्य दरवारको निर्माण भएको थियो। त्यो दरवार १,६५० लम्बाइ र ७९४ फुट चौडाइ थियो (५०३ मिटर लम्बाए र २४२मिटर चौडाइ)। त्यस दरवारमा कमसेकम ८० वटा कोठाहरू थिए। उनले ४० माइल वा ६५ किलोमिटर टाढाबाट सहरमा पानि ल्याउन १८ सिँचाइ नदीहरू निर्माण गरेका थिए। त्यस सहरको भव्यतामा सबैका आँखाहरू तिरमिराउँथ्यो।

तर असेरियनहरू कठोर र निर्दयी थिए। आफ्नो बेबिलोनलाई कब्जा गर्दा लेखिएको युद्धको विवरणमा सानहारिबले ठूलो घमण्ड गरेर लेखेका थिए कि सहरका सडकहरू त्यस देशका जनताहरूको लासले भरिएका थिए। के बुढा के जवान सबैलाई निर्मम हत्या गरेका थिए। त्यस ठाउँमा उत्खनन गर्दा ढुङ्गामा कुँढिएका धेरै चित्रहरू भेट्टाएका थिए। ती चित्रहरूमा सिपाहीँहरूले मानिसहरूका छालालाई काढीरहेका थिए। ती मानिसहरूका सामु कोही पर्न चाहेको थिएन। तिनीहरूलाई मन नपर्नेहरूलाई जथाभावी हिँस्रक र क्रुर नीतिहरू अपनाएर यातना दिन्थे। यी राक्षसी मानिसहरूको बीचमा गएर परमेश्वरको सन्देश सुनाउन उहाँले अऱ्हाउँदा योनो थुरथुर काँपेको हुनसक्छ।

ती सबैको बाबजुद पनि परमेश्वरको आदेशलाई नमानी डरले भागेको योनाप्रति हामी  नाराज भएर कथा पढ्छौं। हामी  पनि त्यही गर्न सक्छौं भन्ने कुरामा हामी त्यति महसुस नभएको हामी  पाउँछौं। कतिपय समयमा, परमेश्वरले भन्दा डरले हामीलाई नियन्त्रण गर्न दिएका हुन्छौं।

***त्यो समयलाई तपाईं सोच्नु होस्, परमेश्वरले तपाईंलाई के गर्न अऱ्हाउनुभएको थियो तर डरले तपाईं गर्न चाहनुभएको थिएन। त्यस अनुभवबाट तपाईंले के पाठ सिक्नुभएको थियो?***

## २. हाम्रा बहानाहरूः गलत दृष्टिकोणहरू

परमेश्वरले अऱ्हाउनुभएको लक्ष्यबाट योना जहाजमा चढेर भाग्दै थिए। तर बीचमा ठूलो आँधीबेरी र हुरीबतास आयो। कसको कारणले त्यो विपत्ती आयो भनेर नाविकहरू खोजनीति गर्दा योनको कारणले भएको भनेर पत्ता लगायो। तब उनलाई  सोधपुछ गर्दा आफ्नै कारणले त्यो आएको हो

भनेर उनले बताए (योना १:१-१२)। संसार र परमेश्वरको बारेमा उनको बुझाइ तत्कालिन सभ्यताभन्दा उनको फरक दृष्टीकोण थियो। उनको मनस्थितिले प्रकट गरेको थियो। त्यस बेलाका मानिसहरूले विभिन्न भूमिहरूमा विभिन्न भगवानहरूले रजाइ गर्दथे भने समुद्रमा आउने आँधिबेरी र विपतमा विभिन्न असुरहरूको चलखेल थियो भनेर विश्वास गरिन्थ्यो। भूमिको शासन भगवानहरूले गर्थे भने भद्रगोल समुद्रको शासन असुर, दुष्ट आत्मा वा राक्षसहरूले गर्थे भन्ने मानिसहरूको दृष्टिकोण थियो। जहाज चालक र नाविकहरूले ती असुरहरूको रिसलाई शान्त गर्न बलिहरू दिनुपर्छ भनेर विश्वास गर्दथे। ती बलिहरूमा नरबलि पनि हुन्थ्यो। योना यहूदी भएतापनि त्यसबेलाका मानिसहरूको विश्वदृष्टिकोण पा आस्थाहरूले उनलाई पनि प्रभाव पारेको हुनसक्थ्यो।

**योना २ पढ्नुहोस्। परमेश्वरको चालबारे योनाले कसरी बुझ्न थालेका थिए भनेर ती पदहरूले कसरी बताउँछ? हेर्नुहोस्, "१ योनाले माछाको पेटभित्रबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे। २ तिनले भने, "मैले आफ्नो सङ्कष्टमा परमप्रभुमा पुकारा गरें, र उहाँले मलाई जवाफ दिनुभयो। चिहानको गहिराइबाट सहायताको निम्ति मैले पुकारें, र तपाईंले मेरो क्रन्दन ध्यानसित सुन्नुभयो।**

**३ तपाईंले मलाई समुद्रको गहिराइभित्र, समुद्रको मुटुभित्रै फालिदिनुभयो, र प्रवाहहरू मेरा चारैतिर घुमे। तपाईंका सबै छालहरू र लहरहरूले मलाई डुबाए। ४ मैले भनें, 'म त तपाईंको दृष्टिबाट निकालिएको छु, तैपनि म फेरि तपाईंको पवित्र मन्दिरतिर हेर्नेछु'। ५ डुबाउने पानीले मलाई तर्सायो, समुद्रको गहिराइ मेरो चारैतिर थियो, समुद्रका झ्याउहरू मेरो टाउकोभरि बेहेरिएका थिए। ६ म त डाँड़ाहरूका फेदीसम्मै तल डुबें, पृथ्वीले मलाई सदाको निम्ति थुनिदियो। तर हे परमप्रभु मेरा परमेश्वर, तपाईंले मेरो ज्यानलाई खाल्डोबाट उठाएर ल्याउनुभयो। ७ "जब मेरो प्राण गलिसकेको थियो, तब मैले, हे परमप्रभु, तपाईंलाई सम्झें, र मेरो प्रार्थना तपाईंकहाँ उठ्यो, तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो। ८ "जस-जसले व्यर्थका मूर्तिहरूतिर मन लगाउँछन्, तिनीहरूले पाउनुपर्ने अनुग्रहबाट तिनीहरू वञ्चित हुन्छन्। ९ तर म त धन्यवादको स्तुतिसहित तपाईंमा बलिदान चढ़ाउनेछु। मैले जे भाकल गरेको छु, सो म पूरा गर्नेछु।**

**उद्धार परमप्रभुबाटै हुन्छ।" १० तब परमप्रभुले माछालाई आज्ञा गर्नुभयो, र त्यसले योनालाई पाखामा उकेलिदियो।"**

मानिसहरूले दावी गरेको अनुसार योना त्यस क्षेत्रबाट वा देशबाट भागिरहेका थिए जसको परमेश्वर यहोवा भनेर दावी गर्दथ्यो। तर, जब योना विदेशमा र विदेशी संस्कारमा यात्रा गरिरहेका थिए तब परमेश्वरको प्रभुत्व जहाँ पनि छ भनेर उनले सिकेका थिए। उनले त्यो थाहा पाउन ठूलो कष्ट भोग्नुपरेको थियो। हुरीबतास, छालहरू र माछा पनि परमेश्वरको संयन्त्रमा चल्दछ। "१ पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरू सबै उहाँकै हुन्।" भजनसंग्रह २४:१। पृथ्वी र समुद्रका अधिपतितिर योनाको हृदय फर्कएको थियो। उनले आफ्नो कमजोरीहरूलाई स्वीकारे र परमेश्वरले उनलाई उद्धार गर्नुभयो।

कतिपय समयमा हामी पनि परमेश्वरको बारेमा गलत सम्झन्छौं। उहाँले हामीबाट के अपेक्षा गर्नुहुन्छ त्यसको पनि हामी वेवास्ता गर्न सक्छौं। परमेश्वरको बारेमा एउटा गलत सोचाइ हामीमा पनि साधारणतया हुन सक्छः मुक्तिको ध्यान हामीमात्रै हुनुपर्छ र बाहिर दुष्ट संसारबाट हामी अलगिएर बस्नुपर्छ। हुन त हामीलाई "संसारबाट निष्कलङ्क राख्नु," भनेर याकूबले हामीलाई भनेको छ (याकूब १:२७), तैपनि आवश्यकता परेकाहरूलाई परमेश्वरको आशिष र आशा कसरी ल्याउनुपर्छ भन्ने लक्ष्यमा पनि हामी ध्यान दिनु जरुरी छ।

अझ परमेश्वरको आवाजलाई स्वीकार गर्न हामीलाई रोक्ने कुरो त सुसमाचारको सफलता हामीमा नै भरपर्छ भनेर गलत बुझाइ हो। जसरी निनवेलाई योनाले बचाउन सकेन त्यसरी हामीले पनि हाम्रै प्रयासमा कसैलाई मुक्ति दिन सक्दैनौं (वा कसैको आस्था वा धर्मलाई परिवर्तन गर्न सक्दैनौं)। कतिपय प्रचारकहरूको दिमाग आफू नै मुक्तिदाता हुन् भन्ने सोचाइमा पर्न सक्छ। कसैलाई मुक्ति दिन हामीलाई परमेश्वरले बोलाउनु हुन्न तर परमेश्वरले गर्नुहुने मुक्तिदिने काममा हामी सहभागी हुनुमात्र हो। परमेश्वरले हामीलाई कसरी परिवर्तन गर्नुभयो भनेर हामी हृदयलाई जगाउने गवाही दिन सक्छौं, तर त्यस गवाहीले होइन परमेश्वरले मात्र मानिसहरूलाई उहाँतिर खिँच्नुहुन्छ। हामीले बिउ रोप्छौं, परमेश्वरले मात्र मानव हृदय परिवर्तन गर्न सक्नुहुन्छ। कतिपय समयमा सुसमाचार सुनाउने हाम्रो भूमिका के हो भन्ने

कुरामा अलमलमा पर्न सक्छौं। त्यसले गर्दा न त सुसमाचार सुनाउन न त गवाही दिनु काम नगर्न हामी बहाना बनाएर बस्न सक्छौं। परमेश्वरले योनालाई प्रयोग गर्नुभयो, तर योना होइन परमेश्वरले निनवेका मानिसहरूको हृदयलाई परिवर्तन गर्नुभएको थियो।

***मानिसहरूलाई परमेश्वरतिर तान्नु सजिलो छैन। मानिसहरू आफ्नै प्रयासमा कसैले कसैलाई इसाई बनाउन सक्दैन। हाम्रो काम गवाही दिनु र सुसमाचार सुनाउनु हो तर कसैलाई परिवर्तन गर्न वा धर्म परिवर्तन गर्न वा मुक्ति दिने काम हाम्रो होइन परमेश्वरको हो भनेर हामीले कसरी सिक्ने?***

## ३. हाम्रा बहानाहरूः असुविधा

माछाको पेटमा पौडी खेल्नु पुगेको योनाको अनुभव अत्यन्तै नाटकिय थियो (योना २)। यसमा नै परमेश्वरको प्रेम, दया र निगाहा देखाइएको थियो। माछाको पेटभित्रबाट उनले गरेको प्रार्थनाको सुनुवाइले गर्दा परमेश्वरको प्रेमको अनुभव गर्न उनले चुकेन भनेर देखाइएको छ। तर अचम्म तरिकाले उनको अनुभव परमेश्वरसँग भएतापनि उनको पुरानो सोच्ने बानी र प्रवृत्ति सजिलोसँग बदलिएको थिएन। उनी निनवेमा जसरी पुगेपनि अरूहरूप्रति उनको भावनामा परिवर्तन आएको थिएन।

**जब योनाले प्रचार गरे तब मानिसहरू कसरी लिए? साक्षी दिने नियममा यहाँ के पाठहरू हामी सिक्न सक्दछौं? हेर्नुहोस् योना ३, "१ तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयोः २ “त्यस ठूलो सहर निनवेमा जाऊ, र म जे समाचार तिमीलाई दिन्छु, सो त्यहाँ घोषणा गर्।” ३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो। ४ पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, “अबको चालीस दिनमा निनवे नष्ट हुनेछ” ५ निनवेका मानिसहरूले परमेश्वरमा विश्वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए। ६ जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे।“राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्।**

**८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्‍वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ? परमेश्‍वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्‍ट हुनेछैनौं।" १० तिनीहरूले के गरे र कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्‍ने परमेश्‍वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।"**

निनवेका मानिसहरूप्रति योनाको व्यक्तिगत भावना जे भएतापनि परमेश्‍वरले भन्‍नुभएको अनुसार उनले प्रचार गरे। त्यसको नतिजा अचम्मको थियो। निनवेका मानिसहरू पश्‍चातापले हल्लेका थिए! हो, त्यो प्रचार गर्न योनाले भिषण अनुभव गर्नुपरेको थियो। आफूले गर्न नचाहेको काम उनले गरेका थिए। जब उनले प्रचार गरे, तब परमेश्‍वरको महिमा भएको थियो।

यसरी कतिपय समयमा नचाहँदा नचाहँदैमा त्याग गरेर परमेश्‍वरको लक्ष्य बोकेर हिंडेका मानिसहरूको कथाहरू धेरै छन्। हाम्रो मूल्यमान्यता परमेश्‍वरको प्रार्थमिकतामा छोड्नुपर्छ। पापमा डुबीरहेका मानिसहरूप्रति परमेश्‍वरको चाहना के हो सोमा हामी सजग हुनुपर्दछ। कतिपय समयमा हामी पनि योना जस्तै पूर्वाग्रहले ग्रस्त हुँदा जानुपर्ने ठाउँमा, पुग्नुपर्ने मानिस वा समूहकहाँ हामी जाँदैनौं।

पूर्वाग्रहको सामना गर्न हामीमा नम्रता हुनुपर्दछ। परमेश्‍वरको काममा लाग्दा हाम्रो समय र भावनात्मक बलको आवश्यकता हुन्छ। अरूको जीवनमा पस्न र तिनीहरूको सेवा गर्नुपर्दा हामी पेलानमा पर्न सक्छौं। हामी आफ्नै जीवन धान्‍न तनाव र समस्याहरूको सामना गरिरहेका हुन्छौं। त्यसमा पनि अरूहरूको समास्यामा हात हाल्नुपर्दा हामीहरू थकानमा पर्न सक्छौं।

फेरि परमेश्‍वरको लक्ष्यमा हामी लाग्दा हाम्रो जीवन, समय र पैसाप्रति हाम्रो भावना परिवर्तन गर्नुपर्ने आवश्यकता हुन्छ। परमेश्‍वरको लक्ष्यमा हिंड्दा कतिपय समयमा मानिसहरूको सेवा गर्न पुग्नुपर्ने हुन्छ, अरूहरूले आत्मिक सामग्री पढुन् भनेर किनेर तिनीहरूलाई दिनुपर्ने हुन्छ, अरूहरूको आत्मिक र व्यक्तिगत उत्थानको निम्ति केही सामग्रीहरू किनेर पनि दिनुपर्ने हुन्छ, मिसन सेवाको निम्ति खर्च पनि गर्नुपर्ने हुन्छ, मिसनको कामको निम्ति हामीले समय निकाल्नुपनि पर्ने हुन्छ। मिसनसँग सम्बधित विभिन्‍न निकायहरूमा हामी संलग्न

पनि हुनुपर्ने हुन्छ। तर मिसनको निम्ति जुनसुकै काम गरेतापनि कतिपय समयमा कति थोक हामीले त्याग गर्नुपर्ने हुन्छ।

शुभसमाचार त यो छ कि योनाको कमीकमजोरीको बाबजुद पनि निनवेका मानिसहरूमा पश्चातामा ल्याउन परमेश्वरले शक्तिशालीरूपमा काम गर्नुभएको थियो। तर दुःख लाग्दो कुरो त यो थियो, स्वर्गको आनन्दले ल्याउने आशिष, योनाले अनुभव गर्न सकेन।

***परमेश्वरको प्रेम कसैलाई सुनाउन तपाईंबाट के त्यागको अपेक्षा गरिएको छ? तपाईंको त्यागले गर्दा तपाईंकै जीवन आत्मिकरूपमा सम्पन्न हुनेछ भन्ने उहाँको प्रतिज्ञालाई विश्वास गर्न तपाईं परमेश्वरमाथि पूरा भरोसा राख्न कसरी सिक्नुहुन्छ?***

## ४. हाम्रा बहानाहरूः असजिलो सामनाहरू

परमेश्वरले निनवेलाई ध्वस्त नपार्नुहुँदा उनी परमेश्वरसँगै जङ्गिए, अनि आफ्नो दुखेको पोखाए, "१ तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठ्यो। २ अनि तिनले परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, "हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले यही कुरा भनेको थिइनँ र? यसैकारणले त तर्शीशमा भागेर जान मैले आतुरी गरेको थिएँ। तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ।" योना ४:१-२। के यो योनाको सुन्दर प्रार्थना थियो कि परमेश्वरप्रति गुनासो?

**योनाको समस्या के थियो? हेर्नुहोस्, योना ४, "१ तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठ्यो। २ अनि तिनले परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, "हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले यही कुरा भनेको थिइनँ र? यसैकारणले त तर्शीशमा भागेर जान मैले आतुरी गरेको थिएँ। तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ। ३ अब हे परमेश्वर, मेरो प्राण लिनुहोस्, किनभने मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।"**

४ तर परमप्रभुले जवाफ दिनुभयो, "के रीस गर्न तिम्रो हक छ र?" ५ तब योना सहरबाट निस्केर त्यस सहरका पूर्वपट्टिको एउटा ठाउँमा गएर

**बसे। तिनले त्यहाँ एउटा छाप्रो बनाए, र त्यस सहरलाई के हुँदोरहेछ सो हेर्नलाई त्यसैको छायामा बसे। ६ तब परमप्रभु परमेश्वरले एउटा लौका उमार्नुभयो, र योनाको शिरमा त्यो छाया होस् र तिनको दुःखहरण होस् भनेर त्यसलाई बढ़ाउनुभयो। यसैले लौकाको कारण योना अत्यन्तै खुशी भए। ७ तर भोलिपल्ट बिहान उज्यालो हुँदा परमेश्वरले एउटा कीरालाई खटाउनुभयो, र त्यसले त्यस लौकालाई खाइदियो, र त्यो ओइलाइहाल्यो। ८ सूर्य उदाएपछि परमेश्वरले पूर्वदेखि पोल्ने बतास चलाइदिनुभयो, यतिसम्म कि घाम टन्टलापुरसित योनाको टाउकोमा पर्‍यो र तिनी मूर्च्छा परे, र मर्ने इच्छा गरेर भने, "मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।"**

**९ तर परमेश्वरले योनालाई भन्नुभयो, "के लौकाको कारण रिसाउनु तिम्रो हक छ?" तिनले भने, "मेरो हक छ। म मरुञ्जेलसम्मै रिसाउँछु।" १० तर परमप्रभुले भन्नुभयो, "तिमीले नस्याहारेको अथवा नउमारेको यस लौकाको लागि यति चिन्तित भयौ। एकै रातमा बढ्यो, र एकै रातमा नष्ट पनि भयो। ११ तर निनवे सहरमा एक लाख बीस हजारभन्दा बढ्ता मानिसहरू छन्, जसले दाहिने र देब्रे हातै चिन्न सक्दैनन्, र त्यसमा धेरै गाईबस्तुहरू पनि छन्। के मैले त्यस ठूलो सहरको निम्ति फिक्री नगरूँ?"**

परमेश्वरले सुसमाचार सुनाउन पठाउनुभएको देशका मानिसहरूहरूप्रति योनाको पूर्वाग्रहमात्र होइन उनको घृणा पनि थियो। निनवेको अन्तको बारेमा आफूले प्रचार गरे र परमेश्वरले त्यसलाई नाश गर्नुभएन तब योनाले आफूलाई ठूलो बेइज्जत भएको महसुस गरेका थिए। आफ्नो प्रचार असफल भएको उनले महसुस गरेका थिए। आफ्नो इज्जतमा धक्का लागेकोले बाँच्नुभन्दा मर्नु नै जाति भनेर परमेश्वरलाई घुर्की सुनाएका थिए। निनवे पनि सोडोम र गमोरोको गति भएको उनले चाहेका थिए। ती हिंस्रक, कठोर र महापापी र घृणित मानिसहरूमाथि परमेश्वरको दण्ड परोस् भन्ने योनाले चाहेका थिए। तर जब उनले सुनाएको अनुसार निनवे नाश गर्नुभएन तब योनाको विश्वास भित्रैदेखि अत्यन्तै खलबलिन थाल्यो। योना आफू परिवर्तन हुनुको सट्टा मर्नु नै जाति भनेर परमेश्वरप्रति रिस पोखाए।

दोस्रो पल्ट योनासँग परमेश्वरले मुकाबिला गर्नुभएको थियो। यसबेला उहाँले कुनै प्रवचन दिनुभएन बरू योनालाई अनुभव गर्न लगाइयो। संसारप्रति

हाम्रा दृष्टिकोणहरू हाम्रो माग अनुसार बनिन्दैन। हामीले कुनै कुरो नयाँ र फरक सुने पनि संसारको यथावत दृष्टिकोण परिवर्तन हुँदैन। हामीमा भएको संसारप्रतिको दृष्टिकोण प्रायजसो हाम्रो जीवनको अनुभवमा निर्मित हुन्छ र परिवर्तन हुन्छ। हामीमा भएका दृष्टिकोणहरू हामीले नै कसरी व्याख्या गर्छौं र बुझ्छौं। संसारलाई कसरी हेरिन्छ त्यो अरूहरूको भरमा हामी पर्दैनौं तर हाम्रै भरमा पर्दछ।

जुन नयाँ अनुभव परमेश्वरले योनालाई दिनुभयो त्यसले संसारप्रति भएको उनका बिग्रिएको दृष्टिकोणलाई उनले महसुस गरुन् भन्ने अवसर परमेश्वरले दिनुभएको थियो। रिसले जुर्मुरिएर पहाडको टुप्पोमा योना बसेका थिए र स्वर्गबाट आगो वर्षेर निनवे भष्म होस् भनेर उनी पर्खेका थिए। तब दिनको तन्तलापूर घाममा उनलाई छायाँ दिन परमेश्वरले एकदिनमा लौकालाई उमारेर त्यसको पातले उनको छहारी धाक्न लगाउनुभएको थियो। त्यसप्रति योना आभारित भएका थिए। तर परमेश्वरले आश्चर्य काम गरेकोले त होइन तर बिरुवाप्रति। यो त आफैले नरोपिकन अचम्मतरिकाले उम्रेको भनेर उनले सोच्नपनि पुगेन। तर आफूले राम्रो काम गरेकोले आफूले उचित आशिष पाएको भनेर उनले आफूले आफैलाई श्यावासी पो दिन थालेको थियो। जब बिरुवा मऱ्यो तब आफू अभागी भएको योनाले महसुस गरे। परमेश्वरसँग उनी रिसारिस गरे र आफ्नो इज्जत गुमेकोले आत्महत्या गर्न पो उनी सोच्न पुगेका थिए।

तर परमेश्वरले सुरिलो र नम्र मिजासले योनासँग बोल्नुभएर उनलाई उहाँले सच्याउन चाहनुभएको थियो। निनवेका हजारौं पुरुष, महिला, बालबालिका पशुहरूको मोलभन्दा पनि लौकाको विरुवालाई उनले बहुमूल्य ठान्नु कस्तो मूर्खता रहेछ भनेर परमेश्वरले उनलाई सिकाउन चाहनुभएको थियो।

***योनाले पश्चाताप गरे वा आफ्नो मन परिवर्तन गरे भनेर योनाको कथा समाप्त भएको छैन। तर नसिद्धिएको कथा नै हाम्रो निम्ति निर्णायक विषय हो। संसारमा भएका दुष्टहरू, निरङ्कुस दमनकारी मानिस वा शासकहरू र सुसमाचार सुन्न नपाएको मानिसहरूप्रति परमेश्वरको चासो र धारणालाई हामी आफैले कुन दृष्टिकोणले हेर्नें?***

## ५. म यहाँ छु, मलाई पठाउनुहोस्

योनाको कथा अचम्म मान्नुभन्दा अपारको छ। योनाको कमजोर सन्देश सुनेर निनवेका मानिसहरू परिवर्तन हुँदा परमेश्वरले तिनीहरूलाई नाश गर्नुभएको थिएन। योनाले तिनीहरूलाई पश्चाताप गर्न लगाएको थिएन तर सन्देशमात्र दिएका थिए। हामी केवल परमेश्वरको माध्यममात्रै हौं। मानिसहरूलाई चित्त बुझाउने र तिनीहरूका हृदयहरू परिवर्तन गर्ने काम केवल परमेश्वरको मात्र हो। परमेश्वरले ती मानिसहरूलाई खोज्नुहुन्छ जसका हृदयहरू नम्र छन् र उहाँले निर्देशन गर्नुभएको अनुसार सन्देश सुनाउन राजी हुन्छन्।

**यशैया ६:१-८ पढ्नुहोस्। यहाँ के मूख्य धारणा व्यक्त गरिएको छ? हेर्नुहोस्, "१ उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। २ उहाँको मास्तिर सराफहरू* खड़ा थिए- प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए। ३ अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिएः "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।" ४ तिनीहरूका सोरले ढोकाहरू र जगहरू हल्लिए, र मन्दिर धूवाँले भरियो। ५ मैले भनें, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।" ६ तब चिम्टाले वेदीबाट आगोको भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए। ७ तिनले मेरो मुख त्यस भुङ्ग्रोले छोएर भने, "हेर, यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो।" ८ तब मैले परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" अनि मैले भनें, "म हाजिर छु। मलाई पठाउनुहोस्!"**

येशूलाई विश्वास गर्छु भनेर बप्तिस्मा लिंदा आफू पनि सुसमाचार सुनाउँनेछु भनेर सपथ खान्छन्। तर कतिपय समयमा त्यो सपथ त्यतिकैमा बिलाएर गएको हुन्छ। येशूलाई विश्वास गर्ने प्रत्येक भक्तलाई परमेश्वरले बोलाइरहनुभएकोछ। राजीखुशीले चल्ने स्वयंसेवकहरू परमेश्वरले खोजिरहनु-

भएको छ। उहाँको नेतृत्वमा हामी उहाँलाई सुम्पेर उहाँको बोलाहतलाई जवाफ दिनुपर्छ। उहाँको आवाज सुन्न र उहाँले निर्देशित गर्ने ठाँउमा जान तयार हुनुपर्दछ।

परमेश्वरको प्रेमप्रति अनभिज्ञ र उहाँको आवाजलाई चिन्न नसकेकोहरूलाई पनि उहाँले प्रेम गर्नुहुन्छ भनेर योनाको कथाले प्रकट गर्दछ। निनवेप्रति परमेश्वरले देखाउनेभएको दया जस्तै आज पनि सहरहरूमा भएको करोडौं मानिसहरूलाई उहाँले दया देखाउनुहुन्छ। हरिया बन र प्राकृतिक सौन्दर्यताहरूलाई नाश गरेर घर मानिसहरूले गगतचुम्बी भवनहरू बनाउँछन्। सहरको निरन्तर हल्लीखल्लीमा एक छिन शान्त भएर परमेश्वरको आवाज सुन्न मुश्किल हुन्छ। निनवेकोका मानिसहरूका बारेमा परमेश्वरले नै मूल्याङ्कन गर्नुभएको थियो, "तिनीहरूलाई आफ्नो दाहिने हात र देब्रे हात के हो सो थाहा छैन" (योना ४:११। अनेकौं बन्दव्यापार र जीवनको विकृतिको बीचमा बाँचिरहेका मानिसहरूलाई आशाको शन्देश सुनाउन परमेश्वरको निम्ति सन्देशवाहकहरूको आवश्यकता छ।

***यशैयाले आवाज सुनेका थिए, "हाम्रो निम्ति को जानेछ?" तपाईंको जवाफ के छ?***

**चुनौतीः** *तपाईंले आफ्नो कापीमा दश जनाको नाउँ लेख्नुहोस् जसले येशूलाई विश्वास गरेका छैनन्। यी तपाईंका चेलाहरू भनेर हामी सम्बोधन गर्न सक्छौं। त्यव सूची तपाईंको नजिक राख्नुहोस् र तिनीहरूको निम्ति दिनदिनै प्रार्थना गर्नुहोस्। पहिला तिनीहरू तपाईंको साथी हुन जाओस् भनि परमेश्वरसँग प्रार्थना गर्नुहोस्। तिनीहरूसँग घनिष्ठ हुन प्रार्थना गर्नुहोस्। तिनीहरूको विशेष आवश्यकताको पहिचान गर्नुहोस्। तिनीहरूमा के दुःख र चित्त दुःखेको छ सो थाहा पाउनुहोस्। अनि तिनीहरूको आवश्यकतामा तपाईंले सहयोग गर्न प्रार्थना गर्नुहोस्।*

**अझ चुनौतीलाई अगाडि बढाउनः** *तपाईंको नजिक र पृथ्वीको अर्कै सहरलाई तपाईंले रोज्नुहोस्। त्यहाँका मानिसहरूको निम्ति प्रार्थना गर्न सुरु गर्नुहोस्। त्यस ठाउँमा बलियो एडभेन्टिस्टको उपस्थित होस् भनेर प्रार्थना गर्नुहोस् ताकि त्यहाँका मानिसहरूले येशूको आगमनको सत्यलाई सुन्न सकोस्।*

**उपसंहार**

**थप जानकारी:** कतिपय मानिसहरू परमेश्वरको बोलाहट थाहा पाएर पनि चुपचाप बस्दा तिनीहरू आफूले आफैसँग संघर्ष गरिरहेका हुन्छन् । आफ्ना वरिपरिरहेकाहरूमा येशूको गवाही दिनुपर्छ भनेर बप्तिस्माको समयमै शपथ खाएको हुन्छ । तर कतिले आनकानी गरिरहेका हुन्छन् । यी मानिसहरूप्रति घोर आपत्ति जनाउँदै एलेन जी ह्वाइटले कडा चेतावनी दिनुहुन्छ ।

"सुसमाचारको खातिर काम नगर्ने अनेकौँ बहानाहरू भएतापनि तिनीहरूले बहन गर्नुपर्ने जिम्मेवारीबाट तिनीहरू अलग हुन सक्दैन । यदि जुन मानिसहरूको निम्ति येशू मर्नुभयो तिनीहरूलाई सुसमाचार सुनाउने जानाजानी वेवास्ता गरियो भने तिनीहरूको नाउँ स्वर्गको पुस्तकमा विश्वासघात गरिएका सेवकहरू भनेर दर्ता गरिनेछ । जब कुनै पास्टर अरूहरूको निम्ति आशिष हुनुको सट्टा, अरूहरूलाई सहयता गर्नुको सट्टा र अरूहरूको आत्मबल बढाउनुको सट्टा आफ्नै कोठामामात्र थुनिएर बस्छ के उनले प्रभुको काम गरिरहेको ठहर्छ र? जो इसाई भनेर दावी गर्ने व्यक्तिहरू अरू मानिसहरूसँग व्यक्तिगत सम्बन्ध आदानप्रदान गर्दैन, तिनीहरू स्वार्थ-केन्द्र हुन जान्छ । तिनीहरू आफै अरू विश्वासी दाजुभाइहरूसँग आदानप्रदान गरेर आफ्नो आत्मिक अवस्था बुझ्न सक्नुपर्छ । परमेश्वरको बगाललाई मौसम अनुसार कसरी खान दिने भनेर तिनीहरूले सिक्नुपर्छ । जो मानिसहरू यस काममा वेवास्ता गर्छन् तिनीहरूको नैतिकता पुनर्स्थापित हुनुपर्दछ। परमेश्वरको काम गर्ने बोझलाई तिनीहरूले लत्याइ रहेकाछन् भनेर तिनीहरूले महसुस गर्नुपर्दछ ।"-एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट रिभ्यु एण्ड साबथ हेराल्ड*, अगस्ट ३०,१८९२।

माथि एलेन जी ह्वाइटले व्यक्ति गर्नुभएका वचनहरू अत्यन्तै कडा भएतापनि परमेश्वरको लक्ष्य पूरा गर्न हामीलाई आशारहित बनाएको छैन । "जुन काम योनालाई सुम्पिएको थियो त्यो काम भारी जिम्मेवारीपूर्ण थियो । तैपनि उनलाई पठाउने परमेश्वरले आफ्नो सेवकलाई सम्माल्नुभएको थियो र उनलाई सफलता दिलाएको थियो । यदि परमेश्वरसँग आनकानी नगरि सरासर उहाँको वचन पालन गरेको भए उनले धेरै तितो अनुभव गर्नुपर्ने थिएन, र उनलाई धेरै आशिष मिल्दथ्यो । तैपनि योनाको पीडादायी क्षणहरूमा परमेश्वरले उनलाई त्याग्नुभएन । विभिन्न कष्ट र अनौठो प्रक्रियामा उनी पर्दा अगमवक्ताको परमेश्वरमाथिको भरोसा बलियो हुन पुगेको थियो र मानिसहरूलाई उद्धार गर्ने परमेश्वरको अपार शक्तिप्रति उनको विश्वास पुनजागृत भएको थियो ।–एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्*, २६६ ।

योनाले जस्तै हामीले पनि परमेश्वरको लक्ष्यमा सहभागी नहुन अनेकौँ बहानाहरू बनाउन सजिलो ठान्न सक्छौँ। तैपनि, परमेश्वरको लक्ष्यको पूरा गर्ने काममा हामीलाई खटाउनुभएको योनाको भन्दा कम छैन । तर हाम्रो प्रत्युत्तर कस्तो हुनुपर्छ त्यसको जवाफ हामीमै छ ।

**चिन्तनमननः**

अ. परमेश्वरको लक्ष्य वा मिसनमा संलग्न नहुन तपाईंले के बहानाहरू निकालीरहनुभएको छ? तपाईंको निनवे कहाँ छ?

आ. हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई परमेश्वरले कस्तो बहुमूल्य शिक्षाहरू दिइएको छ सो सोच्नुहोस्। ती सत्यहरूबा तपाईंलाई कस्तो आषिश पाउनुभएको छ, सो सोच्नुहोस्। हामीले माया गर्नेहरूलाई ती सत्यहरू नसुनाउन केले रोकि राखेको छ?

इ. परमेश्वरको लक्ष्यमा समावेश भएर उहाँको निम्ति साक्षी वक्ने काममा आउने त्रासहरूलाई उहाँको अनुग्रहले माथ गर्न हामी कसरी सिक्ने?

## कथा ५

## अज्ञात हातले निस्सासिएको थियोफेन

## गिनी



पश्चिम अफ्रिकाको गिनी देशमा रहेको थियोफेन एक शनिबार हाइस्कुलको परीक्षा दिन तयार गर्दै थियो। तर त्यस दिन बिहान एउटा घट्ना भएको थियो जसले गर्दा ऊ भयभीत भएको थियो। अदृश्य हातले उसको घाँटी निमोठ्न खोजेको थियो। कसले गरेको उसलाई थाहा थिएन तर ऊ निस्सासिएको थियो र सास फेर्न सकेन। डरले थुर थुर कामेर ऊ घरतिर दगुर्‍यो अनि स्कुलतिर दगुर्‍यो। केही समयपछि उसले सास फेर्न सक्यो र ऊ फेरि सामन्य भयो।

तर त्यो केवल सुरुमात्र भएको थियो। अपेक्षा नगरिएको बेलामा थियोफेनलाई अदृश्य हातले उसको घाँटी समातेको र उसलाई सास फेर्न मुश्किल बनाउँथ्यो। स्वाँस्वा गर्दै बाहिर गएर कतै ठाउँमा सास फेर्न उसले प्रयास गर्थ्यो। उसको बुबाले उसलाई अस्पतालमा लग्यो तर डाक्टरले उसको समस्या केही देखेन। "तिमी सामान्य छौ र तिमीलाई केही पनि भएको छैन," भनेर डाक्टरले सुनाए। थियोफेनलाई अर्को अस्पतालमा लग्यो तर त्यहाँ पनि डाक्टरले केही समस्या भएको देखेन। "तिमीलाई सबै कुरा ठिक छ," भनेर त्यहाँ पनि डाक्टरले भने। तर आफूलाई केही न केही भएको थियोफेनलाई थाहा थियो। समय समयमा उसलाई सास फेर्न मुश्किल हुन्थ्यो। अनि उसको बाबुले उसलाई मानसिक अस्पतालमा लग्यो। त्यहाँको डाक्टरले उसलाई केही औषधी दियो। त्यो खाएपछि उसलाई अलिकति सञ्चो भएको थियो, तर औषधी खायो भन्दैमा उसलाई गरिएको आक्रमण रोकिएको थिएन। अनि उसले औषधी पनि खान छोड्यो। अब के गर्ने सो उसलाई थाहा भएन।

ऊ हताश र निराश भएको बेलामा एउटा आवाजले उसलाई भन्यो, "चर्चमा जाऊ।" ऊ सानैदेखि हरेक आइतबार चर्चमा जान्थ्यो। एक वर्ष अघि ऊ चर्चमा जान छोड्यो। चर्चमा जान औचित्य नभएको उसले ठान्यो। उसले सुनेको आवाजलाई बेवास्ता गर्‍यो। तर उसमाथि आक्रमण भइरहेको थियो, अनि यो आवाजले उसको दिमागमा घचघच्याइ रह्यो, "चर्चमा जाऊ।"

परमेश्वरले नै उसलाई भनिरहनुभएको थियो कि भनेर थियोफेनले सोच्न थाल्यो। उसले बाइबल पढ्न थाल्यो। राती बाइबल पढेर सुतेपछि उसलाई राम्रोसँग निन्द्रा लाग्न थालेको थियो। अनि आफ्नो परिवारसँग आइतबार चर्चमा जाने निधो गऱ्यो।

त्यसबेला उसको काका घरमा पाहुना हुन आएका थिए। थियोफेनले आफ्नो समस्या उनलाई सुनायो। एउटा आवाजले चर्च जाऊ भनिरहेको पनि काकालाई सुनायो।

थियोफेनको काका सेभेन्थ-डे एडभेन्टिस्ट थिए। उनले गिनीमा ग्लोबल मिसन पायोनियरमा काम गर्दथे। परमेश्वरलाई नचिन्ने मानिसलाई येशूको बारेमा सुनाउने काम ग्लोबल मिसनको स्वयंमसेवकको काम थियो। आफ्नो समाज र देशमा येशूलाई विश्वास नगर्नेहरूको बीचमा रहेर सुसमाचार सुनाउने काम गर्छन्। येशूलाई विश्वास नगर्नेहरूका बीचमा थियोफेनको काका काम गर्थे। अब आफ्नै परिवारको सदस्यलाई सहयोग गर्नुपर्ने आवश्यकता उनलाई महसुस भयो। "तिमी एडभेन्टिस्ट चर्चमा  प्रार्थनाको निम्ति आउनु।यो नै तिम्रो लागि उत्तम समाधान हुनेछ।

अर्को साबथ थियोफेन आफ्नो काकासँग चर्चमा गयो। त्यहाँ उसले दिनभरी बितायो। घाम अस्ताएपछि ऊ आफ्नो घर फर्क्यो। उसको मनमा कहिल्यै पनि अनुभव नगरेको शान्ति भइरहेको थियो। धेरै महिनादेखि राम्रोसँग सुत्न नपाएको त्यस रात ऊ मस्तसँग सुत्यो।

त्यसपछि प्रत्येक साबथ थियोफेन चर्चमा जान थाल्यो। आइतबार र बिहिबार प्रार्थना सङ्गतिमा जान थाल्यो। त्यहाँ विश्वासीहरूले थियोफेनलाई दुष्ट आत्माबाट स्वतन्त्र पार्न येशूसँग प्रार्थना गर्दथे।

समय बित्दै जाँदा उसलाई गरिने आक्रमण कम हुँदै  गयो र आखिरमा उसलाई आक्रमणनै गर्न छोड्यो। चर्चमा जानु कतिको महत्त्व रहेछ भनेर थियोफेनले महसुस गऱ्यो। कुनै पनि डाक्टरले उसलाई सहयोग गर्न सकेको थिएन। येशूले मात्र उसलाई उद्धार गर्नुहुन्छ भनेर उसले अनुभव गऱ्यो। उसले येशूलाई आफ्नो जीवनलाई सुम्प्यो। आज ऊ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक भएको छ।

*-आन्ड्र्यु मेकचेस्नी*